# कीर्तिपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कीर्तिपुर

## पहिलो वर्षको प्रगति सार्वजनिकिकरण कार्यक्रम

२०७५ जेठ १०, कीर्तिपुर-९, कृष्ण क्याटरिङ्ग

www.kirtipurmun.gov.np www.facebook.com/kirtipurmun/

# कीर्तिपुर नगरपालिका

## नगरकार्यपालिका कार्यालय, कीर्तिपुर

### पहिलो वर्षको कार्यकालको प्रगति विवरण

कीर्तिपुर नगरपालिकाका उपप्रमुख, सहकर्मी जनप्रतिनिधि मित्रहरु,

प्रमुख प्रशासकिय अधिकृत तथा कर्मचारी वर्ग,

आजको कार्यक्रमका मुख्य आकर्षण सम्पूर्ण पत्रकार मित्रहरु

संघीय गणतन्त्र नेपालको संविधान अनुसार २०७४ वैशाख ३१ गते पहिलो चरणको स्थानीय तहको पहिलो निर्वाचन अन्तर्गत कीर्तिपुर नगरपालिकाको पनि निर्वाचन सम्पन्न भएको भएको थियो निर्वाचन सम्पन्न भई जन प्रतिनिधीका रुपमा पदभार ग्रहण गरेको एकवर्ष भई सकेको छ । एक वर्षभित्र भए गरेका प्रमुख कामकार्वाहीलाई उक्त अवधिको प्रगतिका रुपमा आम नगरवासी समक्ष सार्वजनिक गर्ने आजको कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

साविक स्थानीय निकायलाई जनताले अनुभूति गर्न सक्ने प्राथमिक तहको सरकारका रुपमा नेपालको संविधानले व्यवस्थित गरेको छ । संविधानको भावना अनुकुल ऐन आउन केहि समय लाग्यो भने त्यस अन्तर्गत नियमावली आउन सकेको छैन । स्थानीय सरकार संचालन सम्वन्धमा प्रदेश सरकार मातहत प्रदेश स्तरिय ऐन र नियमावली दुवै आई नसकेको स्थिति विद्यमान रहेको छ । यसका कारण नगरपालिकावाट चाहेर पनि अझै पनि सवै कामहरु सहज रुपमा अगाडि वढाउने स्थिति छैन । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिकालाई स्थानीय सरकारका रुपमा थप व्यवस्थित गर्ने जमर्को त गरेको छ, तर स्थानीय सरकार संचालनका लागि आवश्यक नीति, कानून, कर्मचारी संयन्त्र, श्रोत साधनको ठूलो अभावको स्थिति रहेको छ । स्थानीय सरकारका रुपमा कीर्तिपुर नगरपालिका मातहतमा महिला वालवालिका, कृषि, पशु, शिक्षा, स्वास्थ्य, सहकारी, उद्योग, वन, भूमि प्रशासन, जिल्ला विकास समिति लगायतका साविकमा रहेका विभिन्न विषयगत कार्यालयको जिम्मेवारीहरु सर्ने क्रम शुरु भएको छ । हाल सम्ममा एकाध कार्यालयवाट मात्र अभिलेखको वुझ वुझारथ भएको छ । सम्वद्ध केहि कर्मचारीहरु काजमा रहेका छन् । कर्मचारीको समायोजन कहिले सम्ममा हुने भन्ने अझै अनिश्चित छ । समायोजन नभई नगरपालिकाका लागि आवश्यक कर्मचारी भर्ना गर्न समेत नमिल्ने स्थिति रहेको छ । यसका कारण स्थानीय तहको एकल अधिकार क्षेत्र भनी संविधानले परिभाषित गरेको विषयमा समेत कानून, श्रोत साधन र कर्मचारीको अभावका कारण अन्य स्थनीय तह जस्तै यस नगरपालिका पनि

समस्याकै दौरानवाट गुज्रिरहेको छ । यस स्थितिमा पनि कीर्तिपुर नगरपालिकालाई नगर सरकारका रुपमा स्थापित गर्न आधार स्तम्भ निर्माणको कार्य आरम्भ भएको छ ।

सरकार भन्ने वित्तिकै सरकारको तीन वटा अङ्ग समानान्तर ढङ्गले अगाडि वढ्नु पर्ने हुन्छ । कार्यपालिकाका रुपमा कीर्तिपुर नगर कार्यपालिका, व्यवस्थापिकाका रुपमा नगर सभा तथा न्यायपालिकाका रुपमा न्यायिक समिति । कीर्तिपुर नगरपालिकाको यो तीन वटै अङ्गवाट भए गरेका कामहरु प्रगतिका रुपमा तपाई पत्रकार मित्रहरु मार्फत सार्वजनिक गरिरहेका छौं ।

उप प्रमुखको संयोजकत्वमा गठित तीन सदस्यीय न्यायिक समिति मार्फत नगरपालिकाको न्यायिक क्षेत्राधिकार भित्र रहेका फिराद (उजुरी, निवेदन) को सुनुवाई गर्ने कार्य शुरु भएको छ । यथाशक्य वादी प्रतिवादीलाई मिलापत्रका लागि प्रोत्साहित गर्ने गरिएको छ । २०७४ आश्विन २९ मा स्थानीय सरकार संचालन ऐन, २०७४ आएपछि त्यसको भावना अनुरुप कीर्तिपुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४ जारी गरे पश्चात् मात्र औपचारिक रुपमा न्यायिक समिति क्रियाशिल भएको हो । न्यायिक समिति मार्फत हाल सम्म १० वटा मुद्दाको अन्तिम किनारा लगाईएको छ । १८ मुद्दा मिलापत्र भएको छ भने १८ वटा मुद्दा विचाराधिन (चालु) अवस्थामा छन् । यस वर्षभित्र मेलमिलापकर्ताहरुको सूचि बनाई यथाशक्य मेलामिलापका लागि थप सहज वातावरण निर्माणका लागि प्रयास गरिने छ । त्यस्तै न्यायिक समितिको सहयोगीका रुपमा नेपाल वार एसोसियशनको कीतिपुर नगर इकाई गठनमा सकारात्मक भूमिका निर्वाह गरिनेछ ।

व्यवस्थापिकाको भूमिकामा रहेको नगर सभावाट हालसम्म तपशिल वमोजिमका ऐन, नियमहरु पारित भएका छन् । पारीत दस्तावेजलाई वेभसाईटमा राखिएका छन् भने कानून संग्रहका रुपमा पुस्तकाकार दिने प्रयास स्वरुप कानुन संग्रह भाग १ प्रकाशित पनि भई सकेको छ ।

**हाल सम्म पारीत कीर्तिपुर नगरपालिका स्तरका कानूनहरु :**

१. कीर्तिपुर नगरपालिका शिक्षा ऐन, २०७४

२. कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४

३. कीर्तिपुर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

४. कीर्तिपुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४

५. कीर्तिपुर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४

६. कीर्तिपुर नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४

७. कीर्तिपुर नगरपालिका (कार्य विभाजन) नियमावली, २०७४

८. कीर्तिपुर नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) (संशोधन सहित) नियमावली, २०७४

९. कीर्तिपुर नगर कार्यपालिकाको वैठक संचालन (संशोधन सहित) कार्यविधि, २०७४

१०. कीर्तिपुर नगरपालिका नगर सभालाई व्यवस्थित गर्न वनेको नगर सभा संचालन ( संशोधनसहित) कार्यविधि, २०७४

११. कीर्तिपुर नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता (संशोधन सहित), २०७४

१२. कीर्तिपुर नगरपालिका भवन तथा वाटो सम्वन्धी (संशोधित), २०७४

१३. आर्थिक ऐन, २०७४

१४. विनियोजन ऐन, २०७४

१५. कीर्तिपुर राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५

१६. "घ" वर्गको निर्माण व्यावसायी ईजाजत सम्वन्धी कार्यविधि, २०७५

## नगर कार्यपालिका मातहत भएका महत्वपूर्ण कामहरु

१. २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पवाट पिडित नगरवासीलाई भवन निर्माणका दौरान नक्सा पास शुल्कमा ९० प्रतिशत छुटको व्यवस्था गरियो । नक्सा पास सम्वन्धी सफ्टवेयर ई.वि.पि.एस.प्रयोगमा रहेको छ । डि.पि.सी. सम्मको (प्रथम चरण) को नक्सा पास ३८२ वटा, डि.पि.सी. भन्दा माथि (सुपर स्ट्रक्चर) को नक्सापास ३३० वटा, निर्माण सम्पन्न ७० वटा भएका छन् ।

२. यस नगर क्षेत्र भित्र २८६९ जना कुल भूकम्प पिडित लाभग्राहीको परिचयपत्र वितरण गरिएकोमा २५२२ संग अनुदान राहतका लागि संझौता भई २४१३ जनालाई पहिलो किस्ता वितरण गरिएको, ६३४ जनालाई दोश्रो किस्ता र ४५४ जनालाई तेश्रो वा अन्तिम किस्ता वितरण गरिएको छ ।

३. राहत अनुदान प्राप्त गर्ने संझौताका लागि जग्गा धनी दर्ता प्रमाण पूर्जा हुनै पर्ने नेपाल सरकारको शुरुको नीतिका कारण पुनर्निर्माण अभियानमा ढिलासुस्ती भए पनि हाल नक्सा पास गर्न मिल्ने गढपर्खाल भित्रको घरजग्गाका हकमा पनि निकासा दिने नीतिका कारण वाँकी लाभग्राहीले यथाशक्य चाँडो नेपाल सरकारले तोकेको अनुदान प्राप्त गर्ने अपेक्षा गरेका छौं ।

४. नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि ४ वटा संघ, संस्थाहरु संग क्षेत्रगत रुपमा कार्य गर्ने गरी संझौता सम्पन्न भएका छन् ।

५. स्वच्छ कीतिपुर महाअभियानको थालनि गरी प्लाष्टिक झोलामुक्त कीर्तिपुर नगर अभियान कार्यक्रमको घोषणा सम्पन्न गरिएको छ । घोषणा कार्यलाई प्रभावकारी रुपमा अघि वढाउन थप प्रचार प्रसार, नियमनका कामहरु अगाडि वढिरहेको छन् । वडा तहमा सम्वद्ध सवै सरोकारवाला पक्षहरुको सहभागितामा कार्यक्रमको अनुगमनका लागि वडा स्तरमा अनुगमन समिति गठन गरिएका छन् ।

६. निर्वाचनका दौरानमा नगरवासीको घरदैलोमा पुगेको समयमा गरिएको प्रतिवद्धता अनुरुप घरजग्गा करको दरमा सहुलियत प्रदान गरी राहत दिने काम गरिएको छ ।

७. ३ नं. प्रदेश स्तरिय प्रथम कीर्तिपुर मेयर कप वास्केटबल प्रतियोगिता सम्पन्न गरिएको छ ।

८. नगरपालिकाको आन्तरिक श्रोतवाट उच्च रक्तचाप तथा मधुमेहवाट पिडित सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहनु भएका ११६३ जना नगरवासीहरुलाई रु १५००।- का दरले मासिक औषधी खर्च भत्ताका रुपमा उपलव्ध गराईएको छ ।

९. नगरक्षेत्रका ५९ जना स्वयंसेविकाहरुलाई उच्च रक्तचाप तथा सुगर (मधुमेह) परीक्षण सम्वन्धी सीपमूलक तालिम सम्पन्न गरिएको छ । यसवाट नगर क्षेत्रमा स्वास्थ्य सचेतना र निरोधात्मक स्वास्थ्य गतिविधि अगाडि वढाउन सहयोग पुग्नेछ ।

१०. सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न नगरपालिकाबाट १ शैक्षिक शत्रको लागि स्वयंसेवक शिक्षक छनौट कार्य सञ्चालन भईरहेको छ ।

११. सामुदायिक विद्यालयहरु शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री वनाउन २५० वटा कम्प्युटर अनुदान स्वरुप उपलव्ध गराईएको छ ।

१२. संस्थागत विद्यालयमा पढ्ने जेहेन्दार विद्यार्थीहरुको लागि संस्थागत विद्यालयहरुलाई ३ प्रतिशत छात्रवृत्ति उपलव्ध गराउन पत्राचार गरिएको छ । त्यसका लागि विद्यार्थी छनौट गर्न नगरपालिकाले सूचना प्रकाशन गरी फारामहरु संकलन भईसकेको छ । एउटा मापदण्डका आधारमा विद्यार्थी छनौटको कार्य पनि शिघ्र सम्पन्न गरिनेछ ।

१३. नगर स्तरीय शिक्षा समिति गठन गरिएको छ । कक्षा ८ को परीक्षा संचालन, उत्तर पुस्तिका परीक्षण एवं नतिजा प्रकाशन कार्य नगरस्तरवाट संचालन गर्ने कार्य शुरुवात भई सकेको छ ।

१४. नगरवासीलाई घरदैलोमा नै सेवा प्रवाह गर्ने मूल अभिप्रायले २०७५ जेष्ठदेखि सवै किसिमका राजश्व संकलनको कार्य वडावाटै गर्ने गरी आवश्यक प्रवन्ध मिलाई सकिएको छ । आगामि श्रावण १ वाट एकिकृत सम्पत्ती कर समेत वडा कार्यालयवाट नै संकलन गरिनेछ ।

१५. सेवा प्रवाहलाई सहज, सुलभ र पारदर्शी गर्न अटोमेशनमा जानका लागि आवश्यक तयारी भई सकेको । जिन्सी, योजना, नक्सा पास, लेखाको आयव्यय, नगर तथा वडाको नगदी रसीद,

घरजग्गा कर, मालपोत, व्यक्तिगत सूचना प्रणाली पिआईएस, घटना दर्ता, एकिकृत सम्पत्ती कर (लागु हुने श्रावण १ गतेदेखि) सम्वन्धी सफ्टवेयर संचालनमा आई सकेको छ । साविकमा ललितपुर उपमहानगरपालिकाको सर्भर प्रयोग गरिँदै आएकोमा हाल सूचना प्रविधि विभाग अन्तर्गतको क्लाउड सर्भर प्रयोगमा ल्याइएको छ ।

१६. नगरपालिकाको सम्पर्क तथा सम्वन्धलाई बढावा दिने र क्षमता समेत अभिवृद्धि गर्ने मुख्य उद्देश्यले प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरुको भ्रमण उपलव्धीमूलक हुने अपेक्षा गरिएको छ ।

क) सन् २०१७ को नोभेम्वरमा नगर प्रमुखबाट मित्रराष्ट्र चीनको फुचाउमा United Cities and Local Governments Asia Paciic (UCLG ASPAC) वार्षिक साधारण सभामा उपस्थित भै सो संस्थाको सदस्यता प्राप्त भएको । त्यस्तै उपप्रमुखवाट पनि मित्रराष्ट्र भारतको नयाँदिल्लीमा भएको South Asian Cities Summit अन्तर्गतको Leadership and Gender Equity तालिममा सहभागीता जनाईको छ ।

ख) चीनको हांगचाउमा UCLG ASPAC को आयोजनामा भएको ई कमर्शको तालिममा वडाध्यक्षहरु वडा नं. २ का रमेशमान डंगोल र वडा नं. १० का अमन महर्जनको सक्रिय सहभागिता भयो ।

ग) चीनको फुचाउमा UCLG ASPAC को आयोजनामा भएको 1st General Assembly of the 21st-Century Maritime Cooperation Committee मा नगरपालिकाको तर्फबाट वडाध्यक्षहरु ३ नं. वडाका राजेन्द्र महर्जन, वडा नं. ६ का न्हुच्छे महर्जन र सामाजिक विकास शाखा प्रमुख अनुज प्रधानको सहभागिता भयो । उक्त कार्यक्रममा साथै कीर्तिपुरको पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यपत्र समेत प्रस्तुति भएको थियो ।

१७. सम्वन्धित विज्ञ तथा सरोकारवाला पक्षको साथ सहयोगवाट नगरपालिकाको लागि आवश्यक पर्यटन, स्वास्थ्य लगायत विभिन्न क्षेत्रगत गुरुयोजना तथा दीर्घकालीन नीति निर्माणको काम अगाडि वढेको छ ।

१८. नगर क्षेत्र भित्र गत २०७२ वैशाख १२ को विनाशकारी भूकम्पका कारण जीर्ण वनेका महत्वपूर्ण धार्मिक सम्पदाहरु आदीनाथ, जलविनायक, चिलन्चो विहार लगायतका मन्दिरहरु, पाटी पौवा जिर्णोद्धार कार्य पुरातत्व विभाग मार्फत अगाडि वढिरहेका छन् । कार्यालय भित्र आई पर्ने विवाद निरुपण, सार्वजनिक जग्गा संरक्षण सम्वन्धी काम अगाडि वढाउन १ जना अमिन, नगर क्षेत्र अनुगमन, नियमनका लागि ५ जना नगर प्रहरी सेवा करारमा लिईएको छ भने सेवा करारमा २ जना कम्प्युटर अपरेटर भर्ना गरी नगर प्रमुख तथा उपप्रमुखको सचिवालय व्यवस्थित गर्ने प्रयास गरिएको छ । बिषयगत अन्य निकायबाट काज सरूवामा शिक्षा तर्फ उप सचिव-१

,बिध्यालय निरिक्षक - १, महिला विकास तर्फ महिला बिकास निरिक्षक - ३ जना, सहायक महिला बिकास निरिक्षक - ५ जना , स्वास्थ्य तर्फ चार जना मेडिकल डाक्टर समेत गरी जम्मा ७५ जना , कृषि तर्फ - १ जना र राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट - ५ जना ईन्जिनियरहरू कार्यरत रहेका छन् । अन्य निकायबाट कम्प्युटर अपरेटर - १ जना, ना.सु - २ जना र खरिदार - १ जना काजमा कार्यरत रहेका छन् ।

१९. कीतिपुर चक्रपथलाई नमूना सडकका रुपमा बनाउने उद्देश्यले कालोपत्र विस्तार तथा सडक पेटी निर्माण एवं सुधारको काम अगाडि वढिरहेको छ ।

२०. हरियाली प्रवर्द्धन अनि नगर क्षेत्र भित्र अत्यन्त ठूलो खानेपानी समस्या रहेका ठाउँमा खानेपानी वितरण गर्ने प्रयोजनका लागि ६ हजार लिटर क्षमताको पानी ट्यांकर खरीद गरिएको छ ।

२१. साँस्कृति वाजागाजा, जात्रापर्वको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक सहयोग, प्रवर्द्धनका साथै स्थानीय पर्व विदाको शुरुवात गरिएको छ ।

२२. कीर्तिपुरमा उपलव्ध पर्यटनविद्, सम्वद्ध विज्ञ र व्यावसायीहरुको सक्रिय सहभागितामा वृहत्त गोष्ठि गरी पर्यटन विकास सम्वन्धी नगरपालिकाको अवधारणा पहिल्याउने प्रयास गरिएको छ ।

२३. सामुदायिक कुकुरहरुको वन्ध्याकरण गरी त्यसको वृद्धि नियन्त्रण गर्ने प्रयास गरिएको छ ।

२४. समुदायसंग हातेमालो गरी साना किसानहरुलाई लाभ पुग्ने गरी तरकारी वेचविखन कार्य व्यवस्थित गर्न चिखु टाउन प्लान क्षेत्रमा तरकारी वजार व्यवस्थापनका लागि भवन लगायतका पूर्वाधार निर्माण कार्य शुरुवात गरिएको छ ।

२५. खानेपानी समस्याको स्थायी समाधानका लागि काठमाडौ उपत्यका खानेपानी बोर्ड मार्फत राउटे भीर, दूधपोखरी र सीम झवाहितिको विस्तृत अध्ययन गराईएको छ ।

२६. बहुचर्चित, वहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजना अन्तर्गत त्रि.वि.वि परिसरमा निर्माणाधीन रिजर्भभ्वायरबाट पहिलो चरणमा उमामहेश्वर, लायकू र चिलन्चोका रिजर्भभ्वायरहरुमा कनेक्शन गरी सोबाट हालकै नेटवर्कबाट वितरण गर्न के.यु.के.एल उपत्यका बोर्ड, पि.आई.डि. र के.यु.के.एल उपत्यकाबीच सहमती भै आवश्यक काम भैरहेको छ ।

२७. भू संरक्षण विभागमार्फत कीर्तिपुरको खानेपानीको मूख्य श्रोतको रुपमा रहेका राउटे भीर, दूधपोखरी र सीम झवाहितिको संरक्षणको लागि विस्तृत अध्ययन गराईएको छ ।

२८. खानेपानी तथा सरसफाई विभाग मार्फत बृहत्त कीर्तिपुर ढलनिकास कार्यक्रम अन्तर्गत डि.पि.आर. बनाई कार्यान्वयन भैरहेको छ ।

२९. निर्वाचित जनप्रतिनिधीहरुलाई विद्यमान ऐन, कानून, योजना तर्जूमा, कार्यप्रणाली सुधार लगायतका विषयमा तालिम प्रदान गरी क्षमता विकास गरिएको छ । यसले कार्य सम्पादन तथा समग्र सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने छ ।

३०. विभिन्न कार्यक्रम संचालन गरी वडा सचिव लगायतका कर्मचारीहरुको क्षमता विकास गरिएको ।

३१. वाल मैत्रि स्थानीय शासन (सि.एफ.एल.जि.) कायम गर्ने उद्देश्यले नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई २ दिने तालिम प्रदान गरिएको छ ।

३२. महिला विकास कार्यक्रम अन्तर्गत महिलाहरुको कानूनी सचेतना कार्यक्रम अगाडि वढाईएको छ ।

३३. समग्र विकासको अवधारणालाई साकार बनाउन सम्वृद्ध कीर्तिपुर नगर कार्यक्रमको शुरुवात गरिएको छ ।

३४. प्रथम जन निर्वाचित नगर प्रमुख श्री हिराकाजी महर्जनको संयोजकत्वमा कीर्तिपुर नगर विकास परिषद गठन गरी नगरपालिकाको समग्र विकास अभियानलाई योजनावद्ध रुपमा अघि सार्ने प्रयास गरिएको छ ।

अन्तमा सम्वृद्ध कीर्तिपुर निर्माणका लागि राज्यको चौथो अंगका रुपमा रहनु भएका पत्रकार मित्रहरुवाट निरन्तर सहयोगको अपेक्षा गर्दछु । धन्यवाद

**रमेश महर्जन, नगर प्रमुख**

**कीर्तिपुर नगरपालिका**

**maharjanramesh25@gmail.com**